# वागमती गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय, झुरझुरे, मकवानपुर

## यान्त्रिक उपकरणहरु आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशन मिति : (२०७५/०७/२५ गते)

१) यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमका यान्त्रिक उपकरणहरु सप्लाइ गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले देहाय बमोजिमको शर्तहरुको अधीनमा रही रीतपूर्वकको वोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित गरिएको मिति देखि ३० औ दिनको ठिक ४:०० बजेसम्म वोलपत्र फाराम यस कार्यालयमा अद्यावधिक नवीकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजत पत्र, अद्यावधिक नवीकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाण पत्र, स्थायी लेखा नम्वर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित प्रमाण पत्र र उत्पादक कम्पनी वा नेपालमा रहेको आधिकारिक बिक्रेताबाट बोलपत्रदातालाई प्राप्त Authorization letter प्रमाणित प्रतिलिपि र निवेदन बोलपत्र फाराम दस्तुर रु ३०००। साथ पेश गरेपछि नियमानुसार वोलपत्र फाराम ( रकम फिर्ता नहुने गरी) यस कार्यालयवाट उपलव्ध गराइने छ । अथवा वोलपत्र दस्तुर यस कार्यालयको नाममा रहेको सानिमा वैंक लिमिटेड, वागमती शाखा, मकवानपुरमा रहेको खाता नं. ०६२०००००००१२५ मा जम्मा गरी सो को भौचर पनि पेश गनृ सकिनेछ ।

३) बोलपत्र पेश गर्दा आफूले सप्लाई गर्न चाहेको यान्त्रिक उपकरणहरुको लागि बोलपत्र खरिद गरी बाहिर खाममा सम्बन्धित उपकरणहरुको विवरण तथा ठेक्का नं. स्पष्ट खुलाई पेश गर्नु पर्नेछ ।

४) खरिद गरिएका वोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मिति देखि ३१ औ दिनको १२:०० वजे भित्र यस कार्यालयमा आई वोलपत्र दर्ता गराउन सकिने छ ।

५) वोलपत्र फाराम साथ जमानत रकम यस कार्यालयको नाममा रहेको सानिमा वैंक लिमिटेड, वागमती शाखा, मकवानपुरमा रहेको खाता नं. ०६२००००००००४२५ मा जम्मा गरी सो को भौचर (for bid security purposes) वा मान्यता प्राप्त 'क' वर्गको वैंकवाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानी पत्र (विडवण्ड) वोलपत्र साथ पेश गर्नुपर्ने छ । यसरी पेश गरिने जमानत वापतको भौचर वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिको लाई मान्यता दिइनेछ ।

६) दर्ता हुन आएका सिलवन्दी फारमहरु यस कार्यालयमा वोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । निजहरुको अनुपस्थितिमा पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ ।

७) प्राप्त वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रीत नपुगेका र म्याद नाघी आएका वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

८) वोलपत्र सम्वन्धी अन्य सर्तहरु वोलपत्र फाराममा उल्लेख गरे वमोजिम हुनेछन् ।

९) अन्य कार्यविधिहरु स्थानीय निकाय आर्थिक प्रशासन सम्वन्धी नियमावली २०६४ (संशोधन सहित), सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली ,२०६४ (संशोधन सहित) अनुसार हुनेछ ।

१०) अन्य केही कुरा बुझ्नु परेमा यस कार्यालयको आर्थिक प्रशासन शाखा वा फोन नम्बर **९८५५०८८४६६** मा कार्यालय समयभित्र सम्पर्क राख्न सकिने छ ।

| **ठेक्का नं.** | **विवरण** | **आवश्यक संख्या** | **बोलपत्र फारम दस्तुर रु.** | **जमानत रकम** |
|---|---|---|---|---|
| **NCB//2075-076/01** | Hydraulic Excavator With Breaker | थान १ (एक) | ३,०००/- | कबोल अङ्कको २.५० प्रतिशत |
| **NCB//2075-076/02** | Tipper Truck | थान १ (एक) | ३,०००/- | कबोल अङ्कको २.५० प्रतिशत |

प्रमुख प्रशासकीय अधिकृत